आज मिति २०७८।०३।०१ गते दिउँसो २:३० बजे मेलौली नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री भिम बहादुर चन्दज्यूको अध्यक्षतामा बसी तपसिल बमोजीमको उपस्थितिमा निम्न बमोजीमका प्रस्तावहरु माथि छलफल गरी देहाय बमोजिमका निर्णयहरु पारित गरिए ।

तपसिल :

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भीम बहादुर चन्द | नगरप्रमुख | |
| २ | पार्वती बोहोरा (विष्ट) | नगर उपप्रमुख | |
| ३ | शरद सिंह नेगी | वडा अध्यक्ष वार्ड नं. १ | |
| ४ | कृष्ण दत्त भट्ट | वडा अध्यक्ष वार्ड नं. २ | |
| ५ | गगन सिंह भाट | वडा अध्यक्ष वार्ड नं. ३ | |
| ६ | हर्क बहादुर चन्द | वडा अध्यक्ष वार्ड नं. ४ | |
| ७ | भरत सिंह पुजारा | वडा अध्यक्ष वार्ड नं. ५ | |
| ८ | तारा दत्त भट्ट | वडा अध्यक्ष वार्ड नं. ६ | |
| ९ | राम चन्द्र भट्ट | वडा अध्यक्ष वार्ड नं. ७ | |
| १० | तपेन्द्र सिंह विष्ट | वडा अध्यक्ष वार्ड नं. ८ | |
| ११ | लोक राज भट्ट | वडा अध्यक्ष वार्ड नं. ९ | |
| १२ | नन्दा ओझा (भट्ट) | कार्यपालिका सदस्य | |
| १३ | मानमति कामी | कार्यपालिका सदस्य | मान मती |
| १४ | धाना चन्द | कार्यपालिका सदस्य | |
| १५ | पार्वती भट्ट (ओझा) | कार्यपालिका सदस्य | |
| १६ | धाना तिरुवा (वि.क.) | कार्यपालिका सदस्य | |
| १७ | बिजय पोखरेल | कार्यपालिका सदस्य | |
| १८ | सुरेश परियार | कार्यपालिका सदस्य | |
| १९ | धरम सिंह दयाल | कार्यपालिका सदस्य | |

२० जानकी प्रसाद जोशी सदस्य सचिव

प्रस्तावहरुः

प्रस्ताव नं.१ स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. २ राजश्व परामर्श समिति गठन सम्बन्धमा ।

प्रस्ताव नं. ३ बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ४ विषयगत समिति गठन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.५ मणीलेक माध्यमिक विद्यालयको वाउन्ड्रिवालको वाँकी बजेट खर्च गर्न सम्बन्धमा।

प्रस्ताव नं. ६ समपुरक तर्फका योजनामा वाँकी बजेट खर्च गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ७ सशर्त अनुदान तर्फका शैक्षिक पूर्वाधार कार्यक्रमका लागि विद्यालय छनोट, सम्झौता र रकम निकाशा सम्बन्धमा।

प्रस्ताव नं. ८ राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत सम्झैता भएका योजना अनुमोदन गर्ने सम्बन्धमा।

प्रस्ताव नं. ९ नमुना विद्यालय शैक्षिक तथा व्यवस्थापकिय कार्ययोजना र शैक्षिक तथा व्यवस्थापकीय गुणस्तर सुधार कार्ययोजना कार्यान्वयन कार्यविधि, २०८९ स्वीकृती र सो सम्झौता अनुमोदन गर्ने सम्बन्धमा।

प्रस्ताव नं. १० लामालेक पेल्या तिताबै पर्यटकिय सडक को बाँकी बजेट खर्च सम्बन्धमा ।

प्रस्ताव नं. ११ वडा नं. ९ मा प्रधामन्त्रि रोजगार कार्यक्रम अन्तर्गत विनियोजित बजेट बजेट खर्च सम्बन्धमा ।

भीम बहादुर चन्द
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

निर्णयहरुः

**निर्णण नं. १** प्रस्ताव नं. १ माथि आवश्यक छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम यस नगरपालिकाका नगर प्रमुख श्री भिम वहादुर चन्दको संयोजकत्वमा तपशिल बमोजिमको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन गर्ने निर्णय सर्वसम्मतिले पारीत गरियो ।

| | | |
|---|---|---|
| (क) | श्री भिम वहादुर चन्द | _ संयोजक |
| (ख) | श्री पार्वती वोहरा विष्ट | _ सदस्य |
| (ग) | श्री तपेन्द्र विष्ट | _सदस्य |
| (घ) | श्री लोकराज भट्ट | _सदस्य |
| (ङ) | श्री हर्क वहादुर चन्द | _ सदस्य |
| (च) | श्री धाना तिरुवा वि क | _सदस्य |
| (छ) | श्री प्रमुख प्रशासकिय अधिकृत | _सदस्य सचिव |

**निर्णय नं. २** प्रस्ताव नं. २ माथि आवश्यक छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६५ बमोजिम यस नगरपालिकाका नगर उप प्रमुख श्री पार्वती वोहरा विष्टको संयोजकत्वमा तपशिल बमोजीमको राजश्व परामर्श समिति गठन गर्ने निर्णय सर्वसम्मतिबाट पारीत गरियो ।

तपसिलः

| | | |
|---|---|---|
| (क) | श्री पार्वती वोहरा विष्ट | _ संयोजक |
| (ख) | श्री कृष्ण दत्त भट्ट | _ सदस्य |
| (ग) | श्री पार्वती ओझा | _ सदस्य |
| (घ) | श्री धिरेन्द्र सिंह नायक | _सदस्य |
| (ङ) | श्री प्रमुख प्रशासकिय अधिकृत | _ सदस्य |
| (च) | श्री कृष्ण दत्त भट्ट | _सदस्य |
| (छ) | श्री राजश्व शाखा प्रमुख | _ सदस्य सचिव |

**निर्णय नं. ३** प्रस्ताव नं. ३ माथि आवश्यक छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६७ बमोजिम यस नगरपालिकाका नगर उपप्रमुख श्री पार्वती वोहरा

प्रमुख प्रशासकीय अधिकृत

भीम बहादुर चन्द
नगर प्रमुख

विष्टको संयोजकत्वमा तपशिल बमोजिमको बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्ने निर्णय सर्वसम्मतिबाट पारीत गरियो ।

तपसिलः

(क) श्री पार्वती वोहरा विष्ट _संयोजक

(ख) श्री विषयगत क्षेत्र हेर्ने नगर कार्यपालिकाका सदस्यहरु(पदेन) _ सदस्य

(ग) श्री प्रमुख प्रशासकीय अधिकृत _ सदस्य

(घ) श्री योजना शाखा प्रमुख _ सदस्य सचिव

**निर्णय नं. ४.** प्रस्ताव नं. ४ माथि आवश्यक छलफल गर्दा यस नगरपालिकामा तपशिल बमोजिमका विषयगत समिति गठन गर्ने निर्णय सर्वसम्मतले पारीत गरीयो ।

तपसिलः

**१. सामाजिक विकास समिति**

(क) श्री लोक राज भट्ट _ संयोजक

(ख) श्री पार्वती भट्ट ओझा_ सदस्य

(ग) श्री कृष्ण दत्त भट्ट _ सदस्य

(घ) श्री धर्म सिंह दयाल _सदस्य

(ङ) श्री सामाजिक तथा आर्थिक विकास शाखा प्रमुख_सदस्य सचिव

**२. पूर्वाधार विकास समिति**

(क) श्री गगन सिंह भाट _संयोजक

(ख) श्री धाना तिरुवा वि.क. _सदस्य

(ग) श्री नन्दा भट्ट _ सदस्य

(घ) श्री सुरेस परियार _सदस्य

(ङ) श्री पुर्वाधार शाखा प्रमुख _ सदस्य सचिव

**३. विद्येयक समिति**

(क) श्री विजय पोखरेल _संयोजक

प्रमुख प्रशासकीय अधिकृत

भीम बहादुर चन्द
नगर प्रमुख

(ख) श्री धना चन्द _सदस्य

(ग) श्री पार्वती पन्त भट्ट _सदस्य

(घ) श्री तारा दत्त भट्ट _सदस्य

(ङ) श्री प्रशासन शाखा प्रमुख _सदस्य सचिव

**४. सुशासन समिति**

(क) श्री हर्क वहादुर चन्द _ संयोजक

(ख) श्री तारा दत्त भट्ट _ सदस्य

(ग) श्री धर्म सिंह दयाल _सदस्य

(घ) श्री कृष्ण दत्त भट्ट _ सदस्य

(ङ) श्री प्रशासन शाखा प्रमुख _ सदस्य सचिव

**५. आर्थिक विकास समिति**

(क) श्री राम चन्द्र भट्ट _संयोजक

(ख) श्री सुरेस परियार _सदस्य

(ग) श्री तारा दत्त भट्ट _ सदस्य

(घ) श्री सरद नेगि _ सदस्य

(ङ) श्री आर्थिक तथा समाजिक विकास अधिकृत _सदस्य सचिव

**६. वन तथा वातावरण संरक्षण समिति**

(क) श्री तपेन्द्र विष्ट _ संयोजक

(ख) श्री सरद नेगी _ सदस्य

(ग) श्री द्रोपदी दयाल _ सदस्य

(घ) श्री भरत पुजारा _ सदस्य

(ङ) श्री वन वातावरण तथा विपद् शाखा प्रमुख _ सदस्य सचिव

**निर्णय नं. ५** प्रस्ताव नं. ५ माथि आवश्यक छलफल गर्दा विद्यालयको माग बमोजिम कक्षाकोठा मर्मत, गेट निर्माण, रङरोगन र वाउन्ड्रिवाल निर्माणमा वाँकि बजेट रु.१११३२१४ खर्च गर्ने निर्णय सर्वसम्मतले पारीत गरियो ।

**निर्णय नं. ६** प्रस्ताव नं. ६ माथि आवश्यक छलफल गर्दा संघीय सरकार र प्रदेश सरकारबाट यस नगरपालिकामा प्राप्त भएको समपुरक बजेट सम्बन्धीत वडा कार्यालयहरु

भीम बहादुर चन्द
नगर प्रमुख

प्रमुख प्रशासकीय अ

सँग समन्वय गरी सम्बन्धीत योजनाको निर्माण तथा मर्मत सम्भार कार्यमा खर्च गर्ने निर्णय सर्वसम्मले पारीत गरियो ।

**निर्णय नं. ७** प्रस्ताव नं. ७ माथि आवश्यक छलफल गर्दा आ.व. २०७८/०८९मा SSDP बाट प्राप्त तपशिल बमोजिमका शैक्षिक पूर्वाधारहरु शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्रकाशित कार्यक्रम पुस्तिका २०८७८/०८९ को क्रियाकलाप नं. २.७.१३.१३ मा उल्लेख भए अनुसार शैक्षिक पूर्वाधार विकासका लागि प्रस्ताव पेश गर्ने विद्यालयहरुमध्येबाट तपशिल बमोजिमका विद्यालय छनोट गरी सम्झौता गर्ने र सो कार्यक्रमका लागि तोकिए बमोजिमको बजेट रकम सम्झौता अनुसार कार्यसम्पादन प्रतिवेदन पेश गरेपछी सम्बन्धीत विद्यालयको बैङ्क खातामा निकासा गर्ने निर्णय सर्वसम्मतले पारीत गरीयो ।

तपशिलः

| क्र. सं. | विद्यालयको नाम | ठेगाना | छनोट भएका कार्यक्रमको नाम |
|---|---|---|---|
| १ | श्री केदारेश्वर मा. वी. | मेलौली, २ | ICT ल्याव स्थापना |
| २ | श्री भरतपुर मा.वी. | मेलौली, ७ | ICT ल्याव स्थापना |
| ३ | श्री दुर्गा मा. वी. | मेलौली , ५ | विज्ञान प्रयोगशाला |
| ४ | श्री धर्मधर मा. वी. | मेलौली,२ | विज्ञान प्रयोगशाला |
| ५ | श्री विशालपुर मा.वी. | मेलौली, ९ | पुस्तकालय |
| ६ | श्री सुदर्शन मा. वी. | मेलौली, २ | पुस्तकालय |
| ७ | श्री सारदा आ.वी. | मेलौली, १ | पुस्तकालय स्थापना |

**निर्णय नं. ८.** प्रस्ताव नं. ८ माथि आवश्यक छलफल गर्दा आ.व. २०७८/०८९ का लागि विद्यालयले राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत प्रस्ताव पेश गरी स्वीकृत भएका कार्यक्रमहरुमध्ये यस नगरपालिका सँग सम्झौता भईसकेका तपशिल बमोजिमका योजना अनुमोदन गर्ने निर्णय सर्वसम्मतले पारीत गरीयो ।

प्रमुख प्रशासकीय अधिकृत

भीम बहादुर चन्द
नगर प्रमुख

मेलौली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलौली, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७४

तपसिलः

| क्र.सं. | विद्यालयको नाम | सम्झौता भएका कार्यक्रम | बजेट रु हजारमा |
|---|---|---|---|
| १ | श्री मणीलेक मा.वि. | प्राविधिक ल्याव सुदृढिकरण | १००० |
| २ | श्री धरमघर मा. वी. | ४ कोठे व्लक | ३६०० |
| ३ | श्री भरतपुर मा.वी. | २ कोठे व्लक | १८०० |
| ४ | श्री जगदम्बा मा.वी. | ICT | ६५० |
| ५ | श्री शिव आ.वी. | ICT | ६५० |
| ६ | श्री कोटेश्वर आ.वी. | ICT | ६५० |
| ७ | श्री कमलपुर मा.वी. | ICT | ६५० |
| ८ | श्री मणीलेक मा.वी. | ~~ICT~~ पढ्दै कमाउदै | १००० |

**निर्णय नं.९.** प्रस्ताव नं. ९ माथि आवश्यक छलफल गर्दा आ.व. २०७८/०७९ का लागि श्री मणीलेक मा. वी. काडाद्धारा नमुना विद्यालय गुरुयोजना अनुरुप तयार गरी पेश गरिएको नमुना विद्यालय शैक्षिक तथा व्यवस्थापकिय कार्ययोजना र शैक्षिक तथा व्वस्थापकिय गुणस्तर सुधार कार्ययोजना कार्यान्वयन कार्यविधि, २०७९ स्वीकृत गर्ने र नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकिय योजना कार्यान्वयन अनुदान सम्बन्धमा २०७९/०२/२३ गते शौमवार श्री मणीलेक मा.वी. काडा र यस नगरपालिका विच गरिएको सम्झौता अनुमोदन गर्ने। सम्झौता बमोजिमको विनियोजित रकम रु. ५०,००,०००/- विद्यालयको खातामा एकमुष्ट अनुदान निकासा गर्ने निर्णय सर्वसमम्तले पारीत गरीयो ।

**निर्णय नं. १०** प्रस्ताव नं. १० माथि आवश्यक छलफल गर्दा लामालेक पेल्या तिताबै सकडक सि.नं. २०४ र सि.नं. २०५ कार्यान्वयन गर्दा बाँकी रहेको बजेट सोहि सडकहरु मर्मत सम्भार गर्नको लागि खर्च गर्ने निर्णय सर्वसम्मतले पारीत गरियो ।

**निर्णय नं.११** प्रस्ताव नं. ११ माथि आवश्यक छलफल गर्दा वडा नं.९ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत विनियोजित बजेट वडा नं. ९ को सिफारिस बाट आएका मेल्घट कोल्तडि सिचाई कुलो र शिव मन्दिर केदारमाण्डौ पदमार्ग निर्माणमा वेरोजगारको प्राथमिकताक्रमको सुचीमा उपलब्ध भएका वेरोजगारहरुलाई रोजगारको व्यवस्था हुने

प्रमुख प्रशासकीय अधिकृत

मीन बहादुर चन्द
नगर प्रमुख

नगर कार्यपालिकाको कार्यालय
सुदूरपश्चिम प्रदेश, नेपाल

गरी रोजगारमा लगाई खर्च गर्ने र अन्य वडाहरुमा पनि सोही प्रकृया अवलम्बन गर्ने निर्णय सर्वसम्मतले पारीत गरीयो।

प्रमुख प्रशासकीय अधिकृत

गीत बहादुर चन्द
नगर प्रमुख